**नेपाल सरकार**
**शिक्षक सेवा आयोग**
**सानोठिमी, भक्तपुर**
**खुला प्रतियोगितात्मक लिखित परीक्षाको**
**नतिजा तथा अन्तर्वार्ता सम्बन्धी**

# सूचना

शिक्षक सेवा आयोगबाट प्रकाशित भएको तपसिलमा उल्लेखित वि.नं. र तहको स्थायी पदपूर्तिको लागि भएको विज्ञापन बमोजिम मिति २०७२।३।२६ गते लिइएको **निम्नमाध्यमिक तह, तृतीय श्रेणीको** लिखित परीक्षामा सम्मिलित भएका उम्मेदवारहरुमध्ये रोल नं.को सिलसिलेवार रुपमा देहायका उम्मेदवारहरुलाई देहायको मिति, समय र स्थानमा हुने अन्तर्वार्ताको लागि छनौट गर्ने आयोगको **मिति २०७२।६।२७ गते** निर्णय भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नतिजा प्रकाशित भएका क्षेत्रगत विषयहरु**

## क्षेत्रः मध्यमाञ्चल

## तहः निम्नमाध्यमिक

### विषय : सामाजिक

| | |
|---|---|
| साल ०७१/०७२ वि.नं. ⇒ | २०५३ |
| समूह ⇒ | दलित महिला |
| माग पद संख्या ⇒ | १ |
| लि.प.मा सम्मिलित संख्या ⇒ | ६९९४ |

| क्र.नं. | रो.नं. | उम्मेदवारको नाम | छनौट समूह |
|---|---|---|---|
| १. | ०६२०५००१५ | मनकला नेपाली | दलित महिला |
| २. | ०६२०५१९४६ | चन्द्रकला सुनचरी | दलित महिला |
| ३. | ०८२०५१३१६ | कल्पना मगराती | दलित महिला |

**अन्तर्वार्तासम्बन्धी कार्यतालिका**

| क्र.सं. | क्षेत्र | विषय | अन्तर्वार्ता हुने स्थान | मिति र समय |
|---|---|---|---|---|
| १. | मध्यमाञ्चल | सामाजिक | जनप्रभात मा.वि. कालीमाटी, काठमाडौं | २०७२ कार्तिक २३ गते विहान ८ बजे देखि |

**लिखित परीक्षाको नतिजामा पुनर्योग गर्न चाहेमा गोरखापत्रमा नतिजा प्रकाशन भएको मितिले ७ दिन भित्र सम्बन्धित उम्मेदवारले आयोगको कार्यालय सानोठिमी, भक्तपुरमा रु. ४००।- राजस्व दस्तुर बुझाइ प्रवेशपत्रको प्रतिलिपि सहित निवेदन दिन सक्नेछन् ।**

१. आफ्नो अन्तर्वार्ता हुने अघिल्लो दिन प्रत्येक उम्मेदवारले सम्बन्धित अन्तर्वार्ता केन्द्रमा अनिवार्य रुपमा सम्पर्क गरी व्यक्तिगत विवरण फाराम भर्नु पर्नेछ ।

२. उम्मेदवारले देहायका सक्कल कागजात र सबै कागजातका एक/एकप्रति प्रतिलिपि आफैले प्रमाणित गरी ल्याउनु पर्नेछ ।

क) नागरिकताको प्रमाण पत्र

ख) प्रवेश पत्र

ग) अध्यापन अनुमति पत्र

घ) एसएलसी उत्तीर्ण गरेको लब्धाङ्क पत्र र चारित्रिक प्रमाण पत्र

ङ) एसएलसी भन्दा माथिल्लो शैक्षिक योग्यताका हकमा आफू उम्मेदवारभएको पदसम्मका लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यताको ट्रान्सक्रिप्ट र चारित्रिक प्रमाण-पत्र

च) समावेशी समूहबाट अन्तर्वार्ता दिन आउने उम्मेदवारले आफू समावेश भएको समावेशी समूहको प्रमाणित प्रतिलिपि सहित सक्कल कागजात

छ) हालसालै खिचिएको पासपोर्ट साइजको एकप्रति फोटो ।

३. स्वीकृत दरबन्दी (लियन र राहत समेत)मा अस्थायी रुपमा कार्यरत भई हाल अन्तर्वार्तामा सामेल हुन आएका उम्मेदवारले आफू जुन तहको अन्तर्वार्तामा सामेल हुने हो सोही तह र श्रेणीमा अविच्छिन्न काम गरेको भनी सम्बन्धित जिल्ला शिक्षा अधिकारीले प्रमाणित गरिदिएको सक्कल कागजात ।

४. उम्मेदवारले ल्याएका सबै सक्कल प्रमाणपत्रका एकएक प्रति प्रतिलिपि, अविच्छिन्न सेवा प्रमाणितको सक्कलै कागजात र आयोगबाट उपलब्ध गराइएको व्यक्तिगत विवरण फाराम भरी रेकर्ड फाइलमा राखेर सङ्लग्न कागजातहरूको पञ्जीकरणसमेत बनाएर अन्तर्वार्ता मुकाममा पेश गर्नुपर्नेछ ।

५. उल्लिखित सक्कल कागजात लिई नआउने उम्मेदवारलाई कुनै हालतमा अन्तर्वार्तामा सामेल गराइने छैन ।

६. अन्तर्वार्ता सञ्चालन हुने दिन सार्वजनिक विदा परे पनि अन्तर्वार्ता सञ्चालन हुनेछ ।

७. कुनै उम्मेदवारले अन्तर्वार्तामा आफू सफल हुने मनसायले कसैलाई भनसुन गरेको, फोन गरेको र व्यक्तिगत प्रलोभनमा पारेको पाइएमा त्यस्ता उम्मेदवारको परीक्षा आयोगले रद्द गर्न सक्नेछ ।

८. आयोगको पूर्व सूचना विना अन्तर्वार्ताको निर्धारित कार्यक्रम परिर्वतन वा स्थगित हुने छैन ।

९. नतिजा प्रकाशन सम्बन्धी कुनै त्रुटि भएमा आयोगको अभिलेखबाट सच्याइने छ ।

१०. थप जानकारी लिनु परेमा आयोगको website:- [www.tsc.gov.np] मा logon गर्न र आयोगको फोन नं. ०१-६६३७८७३ मा सम्पर्क गर्न सकिनेछ ।